# सञ्चय कोष

ISSN: 3021-9353

Online

ई-न्यूजलेटर

(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)

वर्ष १४ । अंक ५४ ।

२०८२ कार्तिक-पौष


## कोषका प्रशासकद्वारा शाखा कार्यालय विराटनगर र हेटौंडाको अवलोकन, अनुगमन तथा निरीक्षण





कोषका प्रशासक श्री जितेन्द्र धितालज्यूले भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा कोषका शाखा कार्यालय विराटनगर र हेटौंडाका भवनहरूमा भएको भौतिक क्षतिको अवस्थाको अवलोकन गर्नुभएको छ। सो अवसरमा उहाँले शाखा कार्यालयको नियमित तथा विशेष कार्यक्रमको अनुगमन तथा निरीक्षण समेत गर्नुभयो।

अनुगमन तथा निरीक्षणका क्रममा शाखा कार्यालयका कार्यालय प्रमुख र कोषका प्रशासकबीच चालू आर्थिक वर्षको कार्यसम्पादन सम्झौतामा उल्लेखित विशेष तथा नियमित कार्यक्रमका अपेक्षित लक्ष्य र शाखाको प्रगतिका विषयमा छलफल गरिएको थियो।

छलफलका क्रममा कार्यसम्पादन सम्झौतामा उल्लिखित कार्यक्रमहरू तोकिएको समयसीमाभित्र गुणस्तरीय रूपमा सम्पन्न गर्न निर्देशन दिइएको थियो। साथै, सेवाग्राहीमैत्री सेवा प्रवाह, धितोमा आधारित कर्जाको लगानी तथा असुली व्यवस्थापन, व्यक्तिगत तथा संस्थागत ग्राहक पहिचान अद्यावधिक गर्ने, खाता एकीकरण एवम् बेचालु खाता व्यवस्थापन गर्ने तथा सम्पूर्ण कारोबारको अभिलेख व्यवस्थापनलगायत विषयमा थप मार्गदर्शन प्रदान समेत गरिएको थियो।

## सञ्चालक समितिको अध्यक्षमा बराल नियुक्त



कोषको सञ्चालक समितिको अध्यक्षमा नेपाल सरकार, अर्थ मन्त्रालयका राजस्व सचिव भूपाल बराल नियुक्त हुनुभएको छ । नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार मिति २०८२/०८/१५ देखि लागू हुने गरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (क) बमोजिम नेपाल सरकारले बराललाई सञ्चालक समितिको अध्यक्षमा नियुक्त गरेको हो ।

## सञ्चालक समितिको सदस्यमा भुसाल मनोनयन



कोषको सञ्चालक समितिको सदस्यमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक प्रा.डा. श्री तारा प्रसाद भुसाल मनोनित हुनुभएको छ। नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार मिति २०८२/०५/१९ देखि लागू हुने गरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाल सरकारले भुसाललाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरेको हो ।

## सञ्चालक समितिको सदस्यमा कार्की मनोनयन



कोषको सञ्चालक समितिको सदस्यमा नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक श्री दान बहादुर कार्की मनोनित हुनुभएको छ । नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार मिति २०८२/०७/१८ देखि लागू हुने गरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाल सरकारले कार्कीलाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरेको हो ।

## सञ्चालक समितिको सदस्यमा खनाल मनोनयन



कोषको सञ्चालक समितिको सदस्यमा राष्ट्रिय वाणिज्य बैंक लि.का प्रमुख कार्यकारी प्रमुख श्री देवेन्द्र रमण खनाल मनोनित हुनुभएको छ । नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार मिति २०८२/०७/१८ देखि लागू हुने गरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ग) बमोजिम नेपाल सरकारले कार्कीलाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरेको हो ।

## ब्याजदरमा परिवर्तन

कोषको सञ्चालक समितिले आर्थिक वर्ष २०८२/८३ को लागि कोष तथा निवृत्तभरण रकममा दिने र कर्जामा लिने ब्याजदरमा पुनरावलोकन गरेको छ।

सञ्चालक समितिको मिति २०८२/०८/०९ (बैठक नं.१७२१) को निर्णय अनुसार सञ्चय कोष तथा निवृत्तभरण कोष जम्मा रकममा दिइने ब्याजदर ४.२५ प्रतिशत रहेको छ भने सापटी तर्फ विशेष सापटीमा ५.७५ प्रतिशत, घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटीमा ७.०० प्रतिशत, जग्गा खरिद सापटी र सरल सापटीमा ७.२५ प्रतिशत ब्याज लिने निर्णय गरेको छ।

धितोमा आधारित सापटीको ब्याज नियमित गर्ने सञ्चयकर्ताको हकमा सम्बन्धित त्रैमासमा पाकेको ब्याजदरमा ०.२५ प्रतिशतले कम ब्याजदर लिने गरी रिवेट (छुट) दिने निर्णय भएको छ।

## कोषको ब्याजदर परिवर्तन सम्बन्धि सुचना

कोषको सञ्चालक समितिले आर्थिक बर्ष २०८२/८३को लागि कोष तथा निवृत्तभरण रकममा दिने र कर्जामा लिने ब्याजदरमा पुनरावलोकन गरेको छ। जस अनुसार मिति २०८२/०८/०९ देखि लागू हुने गरी देहाय बमोजिम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

क) कोषले प्रदान गर्ने ब्याजदर

सञ्चय कोषः ४.२५ प्रतिश

निवृत्तभरण कोषः ४.२५ प्रतिशत

ख) सञ्चयकर्ता सापटीहरूमा कोषले लिने ब्याजदर

- विशेष सापटी : ५.७५ प्रतिशत
- घर सापटी : ७ प्रतिशत
- शैक्षिक सापटी : ७ प्रतिशत
- घर मर्मत सापटी : ७ प्रतिशत
- जग्गा खरिद सापटी : ७ .२५प्रतिशत
- सरल सापटी : ७ .२५प्रतिशत

विशेष सापटी बाहेकका धितोमा आधारित सापटीको ब्याज नियमित रूपमा चुक्ता गर्ने सञ्चयकर्ताको हकमा ०.२५ प्रतिशतले छुट दिने।

# सापटी सुविधाका शर्त र रकममा पुनरावलोकन

| शिर्षक | साविक | हाल |
|---|---|---|
| **जग्गा खरीद सापटी** | रू १ करोड | रू १ करोड |
| **घर सापटी** | रू १ करोड | रू १ करोड ५० लाख |
| **घर मर्मत सापटी** | रू ३० लाख | रू ५० लाख |
| **शैक्षिक सापटी** | रू ४० लाख | रू ५० लाख |
| **सरल सापटी** | रू ६० लाख | रू १ करोड |

कर्मचारी सञ्चयकोष सञ्चालक समितिको बैठक नं. १७२४ मिति २०८२/०९/१७ को निर्णयले कर्मचारी सञ्चयकोष सञ्चयकर्ता सापटी प्रवाह विनियमावली, २०८० मा संशोधन गरेको छ । संशोधित व्यवस्थानुसार कर्मचारी सञ्चय कोषले सञ्यकर्ताको सेवाकालीन आवश्यकतालाई ध्यानमा राख्दै सापटी सुविधा रकममा वृद्धि गरेको छ।

सञ्चित रकमको सुरक्षणमा प्रदान गरिने विशेष सापटीको सीमा ९० प्रतिशतबाट वृद्धि गरी ९५ प्रतिशत पुर्याएको छ। साविकमा बिशेष सापटी पुनः लिन १ वर्ष पर्खनु पर्नेमा अब संशोधन गरी ६ महिनामा सापटी लिन सकिने व्यवस्था गरिएको छ।

यसैगरी जग्गा खरीद गर्न रु. १ करोड सम्म सापटी लिन सकिने व्यवस्था रहेको छ। घर निर्माण, घर खरीद, अपार्टमेन्ट खरीदका लागि सापटीको अधिकतम सीमा रु. १ करोड रहेकोमा अब रु. १ करोड ५० लाख भएको छ।

घर मर्मत सापटीको अधिकतम सीमा साविकमा रु. ४० लाख रहेकोमा हाल रु. ५० लाख , शैक्षिक सापटीको अधिकतम सीमा रु. ४० लाख रहेकोमा हाल रु. ५० लाख र सरल सापटीको अधिकतम सीमा रु. ६० लाख रहेकोमा हाल रु. १ करोड भएको छ।

पति/पत्नी दुवै (दम्पती) सञ्चयकर्ता भएमा दुवैको नाममा पाइने सापटीको अधिकतम सीमा धितो मूल्याङ्कन रकमले खामेको अवस्थामा रु. १ करोड ५० लाख रहेकोमा सो लाई वृद्धि गरी रु.४ करोड बनाइएको छ। त्यसैगरी एउटै धितोमा अधिकतम रु. १ करोड ५० लाख फरक-फरक प्रकारका सापटी लिन सक्ने व्यवस्थामा संशोधन गरी रु. ३ करोड पुऱ्याइएको छ।

सापटी लिने शर्तहरुमा साविकमा १ वर्ष देखि नियमित कोषकट्टी रकम कोषमा जम्मा गरेका र उमेर वा पदावधिका आधारमा २ वर्ष सेवा अवधि बाँकी भएका सञ्चयकर्ताहरुले मात्र धितोमा आधारीत सापटी पाउने व्यवस्थामा संशोधन गरी हाल ६ महिना देखि कोषकट्टी रकम कोषमा जम्मा गरेका र उमेर वा पदावधिका आधारमा ६ महिना मात्र सेवा अवधी बाँकी भएका सञ्चयकर्ताहरुले समेत सापटी लिन सकिने व्यवस्था गरिएको छ।

# कोषमा नवनियुक्त कर्मचारीहरुलाई नियुक्तिपत्र प्रदान



आन्तरिक तथा खुला प्रतिस्पर्धात्मक परीक्षाबाट उत्तीर्ण उम्मेदवारहरूलाई कोषले नियुक्तिपत्र प्रदान गरेको छ। कोषको हलमा आयोजित कार्यक्रममा कोषका प्रशासक जितेन्द्र धिताल, सह प्रशासक (संस्थागत) जीवन कुमार कट्वाल, सह प्रशासक (कार्य सञ्चालन) भरतराज बस्ती तथा विभागीय प्रमुखहरूको उपस्थिति रहेको थियो।

आन्तरिक प्रतिस्पर्धात्मक परीक्षामार्फत वरिष्ठ प्रबन्धक (प्रशासन) मा पूर्ण कुमारी बस्नेत (श्रेष्ठ), वरिष्ठ प्रबन्धक (सूचना प्रविधि) मा कृष्ण सुवेदी, उप प्रबन्धक (प्रशासन) मा क्रमशः रमेश भुजेल र अमृता अधिकारी तथा सहायक प्रबन्धक (प्रशासन) तर्फ क्रमशः सन्तोष आचार्य, जीवन धिमाल, फाल्गुनी धिमाल र सन्तोष सुवेदी बढुवा भएका छन्।

त्यसैगरी खुला तथा समावेशी प्रतिस्पर्धात्मक परीक्षामार्फत कोषका विभिन्न सेवा समूहमा नयाँ कर्मचारीहरूको नियुक्ति तथा पदस्थापन गरिएको छ। नियुक्त हुनेहरूमा प्रबन्धक (प्रशासन) मा चन्द्रप्रसाद तिमिल्सेना, उप प्रबन्धक (प्रशासन) मा अमर कुमार वि.क., उप प्रबन्धक (चार्टर्ड एकाउन्टेन्ट) मा शोभना घिमिरे रहेका छन्।

त्यसैगरी सहायक प्रबन्धक (प्रशासन) तर्फ कमल पौडेल, झरना नेपाल, सूर्यप्रसाद घिमिरे, मोहनराज भाट, लक्ष्मी रिजाल, सुजन बाबु आचार्य, कमलेश यादव र मीना नेपाली नियुक्त भएका छन्। सहायक प्रबन्धक (कानुन) तर्फ दिव्या खरेल, सहायक प्रबन्धक (सिस्टम) मा निश्चल भुर्तेल नियुक्त भएका छन्।

त्यसैगरी प्रमुख सहायक (प्रशासन) तर्फ दशरथराज खत्री, बालिका भट्टराई, ज्योति पोखरेल, सुशील भट्टराई, अमर राउत, हेमबहादुर पराजुली, किरण राई, मंगल तामाङ, लोकनाथ पाण्डे, धर्ती न्यौपाने, अप्सरा खनाल, कृष्णा जोशी, काजल साह, एलिना ढकाल, श्रीराम कापैर, सागर चौधरी, अमृत मगर, कृष्णी पुन, सविता कुमारी मेहता र जीवन कुमार मुग्राती नियुक्त भएका छन्।

नवनियुक्त कर्मचारीहरुलाई २०८२/०९/०३ देखि १४ सम्म कोषको सभाहल, पुल्चोकमा सेवाप्रवेश तालिम सञ्चालन गरिएको थियो। कार्यक्रम समापनको अवसरमा प्रशासकज्यूले नवनियुक्त कर्मचारीहरूलाई बधाई दिँदै संस्थाको उद्देश्य, मूल्य-मान्यता र कार्यकुशलताका साथ जिम्मेवारी बहन गर्न आग्रह गर्नुभएको थियो।

# कर्मचारी अवकाश


आर्थिक वर्ष २०८२/८३ को पौष मसान्तसम्म कोषका १२ जना कर्मचारी अनिवार्य अवकाशमा र १ जना कर्मचारी स्वेच्छिक अवकाश हुनुभएको छ।

कोषको मानव संशाधन व्यवस्थापन विभागका अनुसार अनिवार्य अवकाश हुनेमा मुख्य प्रबन्धक ध्रुव भट्टराई, वरिष्ठ प्रबन्धक ध्रुव प्रसाद पन्त, वरिष्ठ प्रबन्धक रवि तामाङ्ग, प्रबन्धक बालकुमारी न्यौपाने, उप प्रबन्धक नर्वदा भेटवाल, उप प्रबन्धक गणेश बस्नेत, उप प्रबन्धक मधुकर पाण्डे, उप प्रबन्धक विजय कुमार थापा, सहायक प्रबन्धक उर्मिला सापकोटा (खतिवडा) र सहायक प्रबन्धक केशव राज श्रेष्ठ रहेका छन्। साथै पाँचौं तहका सरसफाई सहयोगी बालकृष्ण पोडे पनि अनिवार्य अवकाश हुनुभएको छ।

सातौं तहका उप-प्रबन्धक अरुण कुमार झा भने स्वेच्छिक अवकाशमा गएको विवरणमा उल्लेख गरिएको छ।

कार्यक्रममा प्रशासकज्यूले अवकाश हुनु भएका कर्मचारीहरुले आफ्नो जीवनको उर्जाशील र उर्वरमय समय कोषको उन्नयनमा समर्पित गरी पुर्‍याउनु भएको योगदानको उच्च सम्मान गर्दै अवकाश पछिको पारिवारिक एवम् सामाजिक जीवन सुखमय रहोस भनी शुभकामना व्यक्त गर्नुभएको थियो।

# छलफल तथा अन्तरक्रिया कार्यक्रम




योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभाग र तालिम शाखाको समन्वयमा मिति २०८२/०९/२४ गते कोषको तालिम हलमा वार्षिक कार्यसम्पादन सम्झौताको प्रतिवेदन र जोखिम अभिलेख विवरण सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागद्धारा आयोजित उक्त कार्यक्रममा कोषका सह प्रशासक (संस्थागत व्यवस्थापन) श्री जीवन कुमार कटवाल र सह प्रशासक (कार्यसञ्चालन) श्री भरत राज वस्ती र विभिन्न विभागका विभागीय प्रमुख, वरिष्ठ प्रबन्धक, प्रबन्धकलगायत अन्य विभिन्न पदहरुका कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो।

योजना अनुगमन तथा जोखिम व्यवथापन विभागका वरिष्ठ प्रबन्धक डा. दिलिपराज पौडेलले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा विभागका विभागीय प्रमुख श्री दामोदर प्रसाद सुवेदीले स्वागत मन्तव्यसहित सम्बोधन गर्नुभएको थियो भने वरिष्ठ प्रबन्धक श्री सन्तोष पौड्यालले सम्बन्धित विषयको प्रस्तुतीकरण गनुभएको थियो।

छलफल तथा अन्तरक्रिया कार्यक्रममा प्रस्तुतीकरणपश्चात विभागीय प्रमुखहरुले योजना अनुगमन तथा जोखिम व्यवस्थापन सम्बन्धमा विभिन्न सवालहरु उठान गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा सह प्रशासक श्री जीवन कुमार कट्वालले कोषमा वार्षिक कार्यसम्पादन सम्झौताको पृष्ठभूमिदेखि हालसम्मको समीक्षा गर्दै विभागहरुले आफ्नो काममा पूर्णता हासिल गर्न अन्तर विभाग र विभाग-विभाग बीच समन्वय कायम गर्नुपर्ने कुरा औंल्याउनु भएको थियो।



# तालिम तथा क्षमता विकास

कोषको तालिम शाखाले यस आर्थिक वर्षको पौषसम्म विभिन्न विभाग तथा निकायको समन्वयमा सहायक देखि वरिष्ठ प्रबन्धकसम्मका कर्मचारीलाई स्वदेश तथा विदेशका विभिन्न तालिम तथा सेमिनार कार्यक्रममा सहभागी गराएको छ।

## सेवाकालिन तालिम

कोषका प्रमुख सहायक भानुभक्त गौतम, अनिसा काफ्ले, रिपु कुमारी, सरोज कुमार यादव र नितिस कुमार चौधरीलाई मिति २०८२/०८/०७ देखि २०८२/०९/१४ सम्म In service training for assistant level officials on management and competency development विषयमा ३० कार्यदिनको सेवाकालिन तालिम दिइएको छ।



## प्रबन्धकस्तरीय तालिम कार्यक्रम

कोषका विभिन्न विभागमा कार्यरत प्रबन्धकहरु राधा कणेल, उमेश सुवेदी, कुसुम लामा योञ्जन, योगेन्द्र मैनाली र सरोज अधिकारीलाई मिति २०८२/०८/२४ देखि २०८२/०९/०३ सम्म Innovating Public Policy: Use of Evidence (InnoPoIE) विषयमा तालिम दिइएको छ।

## विभिन्न विषयगत तालिम तथा सेमिनार कार्यक्रम

### स्वदेशी तालिम तथा सेमिनारमा सहभागी कर्मचारीहरुको विवरण:

| सि.नं. | कर्मचारीको नाम | पद | तालिमको विषय | तालिम मिति | |
|---|---|---|---|---|---|
| १ | दधिराज धिमिरे | का. मु. प्रबन्धक (सिभिल इन्जिनियर) | Seminar on Engineers and Artificial Intelligence | 20820402 | |
| २ | सत्य नारायण गाईजु | सहायक प्रबन्धक (सिभिल इन्जिनियर) | Seminar on Engineers and Artificial Intelligence | 20820402 | |
| ३ | पूर्ण कुमारी बस्नेत | का.मु. वरिष्ठ प्रबन्धक | Training of trainers | 20820426 | 20820428 |
| ४ | राजेन्द्र विक्रम के.सी. | उप प्रबन्धक | Training of trainers | 20820426 | 20820428 |
| ५ | वीरेन्द्र पौडेल | मुख्य प्रबन्धक | Global Economic and Technological Landscape: Strengthening Growth, Ensuring Stability and Embracing Innovation | 20820429 | |
| ६ | झलक राज शर्मा | प्रबन्धक | Understanding the Intricacies of Public procurement | 20820429 | |
| ७ | लक्ष्मी प्रसाद वाग्ले | प्रबन्धक | Understanding the Intricacies of Public procurement | 20820429 | |
| ८ | युवराज श्रेष्ठ | प्रबन्धक | AI for Manager: Enabling Data driven Decisions | 20820506 | |
| ९ | मनोज लामिछाने | उप प्रबन्धक | Public Procurement Management training | 20820513 | 20820515 |
| १० | कमल पौडेल | सहायक प्रबन्धक (सिभिल इन्जिनियर) | Public Procurement Management training | 20820513 | 20820515 |
| ११ | जेनी महर्जन | प्रबन्धक (सूचना प्रविधि) | Leadership Excellence for Women Managers | 20820513 | 20820515 |
| १२ | निर्मला शर्मा | उप प्रबन्धक (सूचना प्रविधि) | Leadership Excellence for Women Managers | 20820513 | 20820515 |
| १३ | नबिन कुमार गुरुङ | प्रबन्धक | Financial Analysis and Decision Modeling with Procurement clinic | 20820516 | 20820518 |

| सि.नं. | कर्मचारीको नाम | पद | तालिमको विषय | तालिम मिति | |
|---|---|---|---|---|---|
| १४ | सन्तोष पौड्याल | वरिष्ठ प्रबन्धक | Executive series course on foundations of public finance management | 20820717 | 20820819 |
| १५ | शिवराज पौडेल | उप वरिष्ठ प्रबन्धक | Executive series course on foundations of public finance management | 20820717 | 20820819 |
| १६ | सुरेन्द्र राज ढकाल | उप प्रबन्धक | Late Career Management | 20820724 | 20820728 |
| १७ | नविन कुमार गुरुङ्ग | प्रबन्धक | Public Procurement Principles and Practices- PPPP | 20820726 | 20820729 |
| १८ | देवानन्द वैजनाथ | उप प्रबन्धक | Training Program on Financial Management for Non-Financial Managers | 20820803 | 20820805 |
| १९ | शशि कुमार देवकोटा | वरिष्ठ प्रबन्धक | A survey on Shadow Banking in Nepal | 20820807 | |
| २५ | गंगाराम यादव | उप प्रबन्धक | Creating Gender Friendly Environment | 20820808 | 20820812 |
| २६ | राधा कंडेल | उप प्रबन्धक | Creating Gender Friendly Environment | 20820808 | 20820812 |
| २७ | दिलिप राज पौडेल | वरिष्ठ प्रबन्धक | Management Development Program | 20820808 | 20820812 |
| २८ | राम प्रसाद लामिछाने | वरिष्ठ प्रबन्धक | Management Development Program | 20820808 | 20820812 |
| २९ | भरत कुमार साउद | उप प्रबन्धक | Negotiation skills | 20820815 | 20820817 |

# वैदेशिक तालिम

कोषका कार्यरत कर्मचारीहरुको दक्षता र क्षमता अभिवृद्धिका लागि अन्तराष्ट्रिय तालिम प्रदायक संस्थासँगको समन्वयमा कोषले सहायकदेखि प्रशासकसम्मका कर्मचारीहरुलाई वैदेशिक तालिम कार्यक्रममा सहभागी गराउँदै आएको छ। यस आर्थिक वर्षमा पनि कोषले कर्मचारीहरुलाई वैदेशिक तालिम तथा सेमिनार कार्यक्रममा सहभागी गराएको छ।

## विदेशी तालिम तथा सेमिनारमा सहभागी कर्मचारीहरुको विवरण:

| क्र.सं. | कर्मचारीको नाम | पद | तालिमको विषय | तालिम मिति | |
|---|---|---|---|---|---|
| १ | जितेन्द्र धिताल | प्रशासक | ISSA World Social Security Forum 2025 | 20820613 | 20820617 |
| २ | जीवन कुमार कट्वाल | सह प्रशासक (मुख्य अधिकृत) | ISSA World Social Security Forum 2025 | 20820613 | 20820617 |
| ३ | भरत राज वस्ती | का.मु. सह प्रशासक (मुख्य अधिकृत) | ISSA World Social Security Forum 2025 | 20820613 | 20820617 |
| ४ | ध्रुव प्रसाद अधिकारी | मुख्य प्रबन्धक | Embarking on the digital path: undertaking the immersive environment | 20820516 | 20820519 |
| ५ | वीरेन्द्र पौडेल | मुख्य प्रबन्धक | World Pension Summit | 20820718 | 20820720 |
| ६ | सुवाष खड्का | मुख्य प्रबन्धक | World Pension Summit | 20820718 | 20820720 |
| ७ | दर्शन भट्टराई | मुख्य प्रबन्धक | World Pension Summit | 20820718 | 20820720 |
| ८ | नगेन्द्र प्रसाद पौडेल | का.मु. मुख्य प्रबन्धक | Leadership development cum exposure visit | 20820509 | 20820514 |
| ९ | दिलिप राज पौडेल | वरिष्ठ प्रबन्धक | Leadership development cum exposure visit | 20820509 | 20820514 |
| १० | रमेश चन्द्र बेलबासे | वरिष्ठ प्रबन्धक | Leadership development cum exposure visit | 20820509 | 20820514 |
| ११ | निर्मला हुमागाईं | वरिष्ठ प्रबन्धक | Embarking on the digital path: undertaking the immersive environment | 20820516 | 20820519 |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | ध्रुब प्रसाद पन्त | वरिष्ठ प्रबन्धक | ISSA World Social Security Forum 2025 | 20820613 | 20820617 |
| १३ | शिवराज पौडेल | का.मु.वरिष्ठ प्रबन्धक | International seminar on Workshop on Financial and Economic Appraisal of Investment Projects (FEAIP) | 20820523 | 20820527 |
| १४ | अर्पणा बस्नेत | प्रबन्धक | International seminar on Workshop on Financial and Economic Appraisal of Investment Projects (FEAIP) | 20820523 | 20820527 |
| १५ | कुशुम लामा योञ्जन | प्रबन्धक | Embarking on the digital path: undertaking the immersive environment | 20820516 | 20820519 |
| १६ | योगेन्द्र मैनाली | प्रबन्धक | Embarking on the digital path: undertaking the immersive environment | 20820516 | 20820519 |
| १७ | दिनेश बास्कोटा | प्रबन्धक | International seminar on Workshop on Financial and Economic Appraisal of Investment Projects (FEAIP) | 20820523 | 20820527 |
| १८ | सरोज अधिकारी | प्रबन्धक | International seminar on Workshop on Financial and Economic Appraisal of Investment Projects (FEAIP) | 20820523 | 20820527 |
| १९ | अरुण कार्की | प्रबन्धक | International seminar on Workshop on Financial and Economic Appraisal of Investment Projects (FEAIP) | 20820523 | 20820527 |
| २० | सन्तोषी खनाल | प्रबन्धक | International seminar on Workshop on Financial and Economic Appraisal of Investment Projects (FEAIP) | 20820523 | 20820527 |
| २१ | सुरेश हमाल | का. मु. प्रबन्धक(सूचना प्रविधि) | Embarking on the digital path: undertaking the immersive environment | 20820516 | 20820519 |
| २२ | लोकनाथ ताजपूरिया | का. मु. प्रबन्धक | Leadership development cum exposure visit | 20820509 | 20820514 |
| २३ | शितल बाबु खत्री | का. मु. प्रबन्धक | Leadership development cum exposure visit | 20820509 | 20820514 |
| २४ | बालकृष्ण अर्याल | का. मु. प्रबन्धक | Leadership development cum exposure visit | 20820509 | 20820514 |
| २५ | दधि राज घिमिरे | का.मु. प्रबन्धक (सिभिल ईन्जिनियर) | Leadership development cum exposure visit | 20820509 | 20820514 |
| २६ | उर्मिला खतिवडा | सहायक प्रबन्धक | Personnel Development and Transitional Skills Training Program | 20820806 | 20820809 |
| २७ | तुलसी अधिकारी | प्रमुख सहायक | Personnel Development and Transitional Skills Training Program | 20820806 | 20820809 |
| २८ | दीपा गुरुङ्ग | प्रमुख सहायक | Personnel Development and Transitional Skills Training Program | 20820806 | 20820809 |
| २९ | मनिष कुमार कर्ण | प्रमुख सहायक | Personnel Development and Transitional Skills Training Program | 20820806 | 20820809 |
| ३० | मञ्जिना गिरी | प्रमुख सहायक | Personnel Development and Transitional Skills Training Program | 20820806 | 20820809 |

# AML/CFT सम्बन्धि तालिम सम्पन्न

योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभाग र कोषको तालिम शाखाको समन्वयमा मिति २०८२/०९/६ र ७ गते कोषमा सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा तालिम कार्यक्रम सम्पन्न भएको छ।



सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका उपमहानिर्देशक निर्मल ढकाल र नेपाल राष्ट्र बैङ्कको Money Laundering Prevention Supervision Division का तर्फबाट उपनिर्देशक मनोज गुरूङले तालिम तथा प्रशिक्षण दिनुभएको थियो। उक्त तालिममा कोषको योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, सूचना प्रविधि विभाग, सञ्चयकर्ता कर्जा विभाग, सञ्चयकर्ता सेवा विभाग, कोष व्यवस्थापन विभाग, लगानी तथा ट्रेजरी व्यवस्थापन विभाग, निवृत्तभरण तथा सामाजिक सुरक्षा विभागका विभिन्न अधिकृत कर्मचारीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका उपमहानिर्देशक निर्मल ढकालले AML/CFT Regime in Nepal; Stand and Wayout विषयेक प्रस्तुतीकरण मार्फत सम्पति शुद्धीकरणका चरण, कसुर र सम्बद्ध कसुर तथा निवारणको आवश्यकता लगायतका



विषयमा प्रशिक्षण दिनुभएको थियो। नेपाल राष्ट्र बैंकका उप निर्देशक मनोज गुरूङले An Overview of AML/CFT विषेयक प्रस्तुतीकरणबाट सम्पति शुद्धीकरणमा नेपाल राष्ट्र बैंकले खेलेको भूमिका र ट्रृष्टि संस्थाहरूले गर्नुपर्ने कार्यहरूको सम्बन्धमा प्रष्ट पार्नुभएको थियो।

# कोषको सेवा प्रवाह प्रक्रियामा एकरूपताका लागि अन्तरशाखा तालिम कार्यक्रम






कोषको मानव संसाधन व्यवस्थापन विभाग, तालिम तथा विकास शाखाले मिति २०८२/०९/२६ र २७ गते शाखा कार्यालय पोखरा, बुटवल र हेटौँडाका कर्मचारीहरुलाई कोषको सेवा प्रवाह प्रक्रियामा एकरुपता कायम गर्नका लागि २ दिने आवासीय तालिम कार्यक्रम सम्पन्न गरेको छ।

चितवनको Chitwan MidTown (CMT) Hotel मा आयोजित कार्यक्रममा शाखा कार्यालयका ३८ जना कर्मचारीको उपस्थिति रहेको थियो। तालिम तथा विकास शाखाको उप प्रबन्धक निमा डोमा शेर्पाको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा सहभागीहरुले आ-आफ्नो कार्यक्षेत्रका अनुभव तथा समस्याहरु राख्नुभएको थियो।

सञ्चयकर्ता कर्जा विभागका विभागीय प्रमुख श्री नगेन्द्र प्रसाद पौडेलले कार्यक्रमको समापन गर्नुहुँदै यस्तो तालिम तथा अन्तक्रियाले कोषको कार्य तथा सेवा प्रवाह पद्धतिमा एकरुपता कायम हुने र कोष प्रति सेवाग्राहीहरुको विश्वास तथा भरोसा बढाउन उल्लेखनिय भुमिका खेल्ने कुरा व्यक्त गर्दै सहभागी सबैलाई धन्यवाद दिनुभयो।

## सामाजिक सुरक्षाबाट १२ हजार ४ सय ३१ जना सञ्चयकर्ता लाभान्वित



आर्थिक वर्ष २०८२/०८३ को पौष मसान्तसम्ममा कर्मचारी सञ्चय कोषले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत १२४३१ सञ्चयकर्ता तथा सञ्चयकर्ताको हकवालालाई कुल रु. २६,२४,७५,९३६/- वितरण गरेको छ। सञ्चयकर्ता स्वास्थ्योपचार सुविधा अन्तर्गत साधारण रोग तर्फ २२३९ जना सञ्चयकर्तालाई रु. ७,७०,६६,१२१/-, घातक रोगतर्फ ६८७ जना सञ्चयकर्तालाई रु. ९,१४,४९,८१५/- प्रदान गरिएको छ।

यसैगरी सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत ९१४० सञ्चयकर्तालाई रु. ६,८५,५०,०००/-, काजकिरिया अनुदान सुविधा २८४ जना सञ्चयकर्ताका आश्रित परिवारलाई रु. १,१३,६०,०००/- र दुर्घटना क्षतिपूर्ति सुविधा अन्तर्गत ३८ जना सञ्चयकर्ताको हकवालालाई रु. ७६,००,०००/- प्रदान गरिएको छ। त्यसैगरी सेवाकालमा मृत्यु भएका ४३ जना निजामती कर्मचारीको हकवालालाई नेपाल सरकारबाट शोधभर्ना हुने गरी रु. ६४,५०,०००/- भुक्तानी गरिएको छ।

# शाखा गतिविधि


## शाखा कार्यालय, बुटवल

### संस्था सूचीकरण सम्झौता सम्पन्न



कर्मचारी सञ्चयकोष, सञ्चयकर्ता र कार्यालय तथा संस्था सूचीकरण विनियम २०८१ को व्यवस्था अनुरुप कर्मचारी सञ्चय कोष शाखा कार्यालय बुटवल र नव प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मध्यबिन्दु १०, नवलपरासी (ब.सु.प) बीच कोषमा योगदान गर्ने सम्झौता मिति २०८२/०८/१२ सम्पन्न भएको छ। प्रथम पक्षको तर्फबाट शाखा कार्यालय बुटवलका कार्यालय प्रमुख केशप कुमार बुढाथोकी र दोस्रो पक्षको तर्फबाट नव प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड का प्रमुख कार्यकारी निर्देशक राम प्रसाद काफ्लेले सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो।



# शाखा कार्यालय कोहलपुर, गतिविधि

## अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम




मिति २०८२/०९/२२ गते र मिति २०८२/०९/२९ गते क्रमशः सशस्त्र प्रहरी बल,नेपाल सशस्त्र प्रहरी जवान तालिम शिक्षालय नौबस्ता, बाँके र श्री नं. १९ बाहिनी अड्डा घोराही, दाङ्गमा तालिम अवधिमा रहेका क्रमश करीव १३० जना र १०० जना गरी जम्मा २३० जनाको उपस्थितिमा कर्मचारी सञ्चय कोष शाखा कार्यालय, कोहलपुरले निवृत्तभरण र सञ्चय कोष सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रमहरुमा कोषका विभिन्न शाखा कार्यालयहरुबाट प्रवाह गरिएका विभिन्न धितोमा आधारित सापटी, सामाजिक सुरक्षाका सुविधाहरुका साथै योगदानमा अधारित निवृत्तभरण तथा उपदान कोषमा आबद्धता सम्बन्धमा सहभागी कर्मचारीहरुका बीच विस्तृत छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो।

कार्यक्रममा कोषको तर्फबाट सहायक प्रबन्धक श्री मोहन राज कडेलले कोषको तर्फबाट प्रस्तुतीकरण गर्नु भएको थियो भने सहभागीहरुको जिज्ञासा, गुनासो तथा सुझावहरुको सम्बोधन सहायक प्रबन्धक श्री तोजेन्द्र रोकायले गर्नुभएको थियो।

## ज्ञान/सीप आदानप्रदान (Knowledge Sharing)




कर्मचारी सञ्चयकोष शाखा कार्यालय कोहलपुरमा मिति २०८२/०९/१८ र २०८२/०९/२१ गते यस शाखा कार्यालयका, कार्यालय प्रमुख श्री कृष्ण बहादुर जि.सी.को संयोजकत्वमा शाखा कार्यालयका सहायक प्रबन्धक श्री मोहन राज कडेलले शाखा कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थितिमा Customer Relationship Management (CRM) सम्बन्धी विद्यमान अवस्था र कोषको सेवा प्रवाहलाई CRM अनुकुल बनाउन कर्मचारीहरुको भुमिका र गर्नुपर्ने कार्यहरु र Anti-Money Laundering (AML) Combating the Financing of Terrorism (CFT), Proliferation Financing(PF) सम्बन्धी विषयवस्तुहरुको बारेमा विविध श्रव्यदृश्य सामाग्रीहरुको माध्यमबाट ज्ञान/सीप आदानप्रदान (Knowledge Sharing) प्रस्तुतीकरण सम्पन्न गर्नु भएको थियो ।

## लिलाम बिक्री कार्य सम्पन्न

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय पोखरा मिति : २०८१ कार्तिक १३ मा पोखरा महानगरपालिका वडा नं. १७ पार्दिबाट पोखरा महानगरपालिका वडा नं. ९,नयाँबजारस्थित नवनिर्मित भवनमा स्थानान्तरण भएपश्चात कार्यालयले पार्दिस्थिच पुरानो कार्यालय भवनमा रहेका पुराना फर्निचर तथा विद्युतीय उपकरणहरु लिलाम विक्री कार्य मिति २०८२ भाद्र महिनामा सम्पन्न गरेको

छ। भौतिक परिक्षणबाट लिलाम गर्नुपर्ने मालसामानको मूल्याङ्कन गरी लिलाम कार्य अगाडी बढाउन मिति २०८२ बैशाख ३१ मा सम्पत्ति व्यवस्थापन विभागबाट शाखा कार्यालय पोखराका कार्यालय पमुख मदन सुवेदीको संयोजकत्वमा गठित स्थानीय विज्ञसहितको ७ सदस्यीय मूल्याङ्कन समितिले न्यूनतम लिलाम बिक्री मूल्य कायम गरी शाखा कार्यालयले मिति २०८२ असार ३१ मा २१ दिनको सार्वजनिक सूचनामार्फत सिलबन्दी बोलपत्र आव्हान गरेको थियो। बोलपत्र पेश गर्ने अन्तिम दिन अर्थात मिति २०८२ श्रावण २१ गतेसम्म पेश हुन आएका ४ थान बोलपत्र सोही दिन बोलपत्रदाता एवं निजका प्रतिनिधिहरु र  कोषका कर्मचारीहरुको रोहवरमा खोलिएको थियो। खोलिएका बोलपत्रमध्ये मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही भएको न्यू बजरंग फर्निचर उद्योग, पोखराको बोलपत्र स्वीकृत गरी मिति २०८२ साल भदौं ०५ मा १५ दिन भित्र सम्पूर्ण फर्निचर तथा विद्युतीय उपकरणहरु आफ्नै खर्चमा उठाई लैजाने गरी उक्त फर्निचर उद्योगसँग  सम्झौता भएको थियो। सम्झौताअनुरुप उक्त फर्निचर उद्योगले लिलाम गरिएका सम्पूर्ण फर्निचर तथा विद्युतीय सामानहरु उठाई लगेपश्चात सो सम्बन्धमा प्रतिवेदन तयार गरी मिति २०८२ भाद्र १९ मा  कोषका प्रशासकसमक्ष प्रतिवेदन समेत पेश भैसकेको छ।

## धितोमा आधारित सापटीको क्षेत्र विस्तार सम्बन्धी अध्ययन तथा निरिक्षण कार्य सम्पन्न



**जलजला गाउँपालिका अन्तर्गत मल्लाजको सम्भावित क्षेत्र**

कोषबाट प्रदान गरिने सेवासुविधामा अधिक सञ्चयर्ताको सरल र सहजपहुँच पुर्‍याउने तथा धितोमा आधारित सापटीको क्षेत्र  विस्तार गर्ने उद्देश्यले  शाखा  कार्यालय  पोखराले आ.व.२०८२/८३ को कार्यसम्पादन सम्झौताअनुरुप गण्डकी प्रदेशभित्रका विभिन्न जिल्लाहरुभित्रका पूर्वाधार विकास भएका क्षेत्रको निरीक्षण तथा सम्भाव्यता अध्ययन सम्पन्न गरेको छ। यस अन्तर्गत मिति २०८२ असोज २८ र २९ मा पोखरा महानगरपालिकाका पूर्वाधार विकास भएका थप क्षेत्रहरु तथा पौष १४ र १५ गते पर्वत जिल्ला अन्तर्गत मोदी गाउँपाललिका, कुश्मा नगरपालिकाका थप क्षेत्रहरु र जलजला गाउँपालिका साथै म्याग्दी जिल्ला अन्तर्गत मालिका गाउँपालिकाका पूर्वाधार विकास भएका क्षेत्रको निरीक्षण तथा सम्भाव्यता अध्ययन सम्पन्न गरेको छ। आगामी दिनमा शाखा कार्यालयले गण्डकी प्रदेश भित्रका पूर्वाधार विकास भएका अन्य जिल्लाहरुमासमेत सापटीको दायरा विस्तार गर्दै लैजाने नीति लिएको छ।


# नयाँ संस्थासँग कोषकट्टी सम्झौता



**श्री पुम्दीकोट कोट विकास समितिसँग शाखा कार्यालयका कर्मचारी**

कोषमा नयाँ संस्थाहरुलाई आबद्ध गरी कोषको दायरा विस्तार गर्दै कोषलाई नेपालकै अग्रणी सामाजिक सुरक्षा संस्थाको रुपमा स्थापित गर्ने लक्ष्य हासिल गर्न शाखा कार्यालय पोखराले "कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता र कार्यालय तथा संस्था सूचीकरण विनियमावली, २०८१" बमोजिम मिति २०८२/०७/२५ मा पोखरा महानगरपालिका-२२, पुम्दीभुम्दीस्थित श्री पुम्दीकोट कोट विकास समितिसँग कोषकट्टी सम्झौता सम्पन्न गरेको छ उक्त संस्था सस्था दर्ता ऐन,२०३४ अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा दर्ता भई पुम्दीकोटस्थित महादेव मन्दिर परिसरको व्यवस्थापन गर्दै आइरहेको छ।

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



**विषयगत प्रस्तुतीकरण गर्नुहुँदै सापटी इकाईका प्रमुख सहायक श्री सन्तोष सापकोटा**

शाखा कार्यालय, पोखराले मिति २०८२ मंसिर १५ मा शाखा कार्यालय अन्तर्गत रहेको सञ्चयकर्ता कर्जा इकाईको समन्वयमा "धितोमा आधारित सापटीप्रवाहमा संकुचनका कारण र वृद्धि गर्ने उपायहरु" का सन्दर्भमा ज्ञान आदानप्रदान कार्यक्रम (Knowledge Sharing) सम्पन्न गरेको छ। उक्त विषयसंग सम्बन्धित प्रस्तुतीकरण सहायक प्रबन्धक शशि पोखरेल र प्रमुख सहायक शन्तोष सापकोटाले गर्नुभएको थियो। शाखाका सबै कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा शाखा प्रमुख मदन सुवेदीले ज्ञान आदानप्रदान कार्यक्रमले कर्मचारीको क्षमता अभिवृद्धि हुनुका साथै कार्यदक्षता र कार्यकुशलतामा अभिवृद्धि भई समग्र कोषको सेवा प्रवाहमा गुणस्तरीयता एवं प्रभावकारिता आउने कुरा बताउनु भएको थियो। साथै, उक्त Knowledge Sharing कार्यक्रमको छलफलबाट प्राप्त उपायहरु तथा ती उपायहरुको कार्यान्वयनको कार्ययोजना समेत तयार गरी कोषको सञ्चयकर्ता कर्जा विभागमा पठाईएको छ।

# सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

(१) हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय लामापाटन, पोखराः शाखा कार्यालय पोखराले मिति २०८२ पौष १४ मा हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय लामापाटन, पोखरामा कर्मचारी सञ्चय कोषबाट प्रवाह हुने सेवा सुविधा र सोको प्रक्रिया सम्बन्धी अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। अन्तर्रिक्रयाको मुख्य विषयवस्तु सञ्चय कोष व्यवस्थापन, सामाजिक सुरक्षा सुविधा वितरण, कर्जा तथा सापटी, फाँटवारी, बेचालु तथा खाता एकीकरण, Know Your Customer (KYC) र योगदानमा आधारित निवृत्तभरण योजना रहेको थियो। सशस्त्र प्रहरी निरिक्षक र जवान गरी कुल १८९ जनाको उपस्थिति रहेको छुट्टाछुट्टै २ समूहलाई कार्यालय प्रमुख श्री मदन सुवेदी, का.मु.उपप्रबन्धक श्री पारसमणि भण्डारी तथा प्रमुख सहायक श्री लोकेन्द्र पौडेलले कोषको सेवासुविधा तथा Online KYC बारे संयुक्त प्रस्तुतीकरण गर्नुको साथै सञ्चयकर्ताबाट उठेको सवाल तथा जिज्ञासाहरुको उत्तर दिनुभएको थियो।



**सशस्त्र प्रहरी निरिक्षक समूह, लामापाटन, पोखरा**



**सशस्त्र प्रहरी जवान समूह, लामापाटन, पोखरा**

(२) म्याग्दी बहुमुखी क्याम्पस, बेनी बजार, म्याग्दी : यसैगरी मिति २०८२ साल पौष २१ मा जिल्ला प्रशासन कार्यालय म्याग्दीको समन्वय तथा सहयोग र म्याग्दी बहुमुखी क्याम्पसको संयोजनमा कर्मचारी सञ्चयकोष शाखा कार्यालय पोखराले म्याग्दी जिल्लामा पहिलो पटक निवृत्तभरण र सञ्चय कोषसम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा म्याम्दी




**अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रमको झलक, म्याग्दी जिल्ला**

जिल्लामा कार्यरत निजामती कर्मचारी, नेपाली सेना, नेपाल पुलिस, प्राध्यापक, शिक्षक लगायतका कर्मचारीहरुको उपस्थिति रहेको थियो। बेनी बजारस्थित म्याग्दी बहुमुखी क्याम्पसमा आयोजित उक्त कार्यक्रममा म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रविन्द्र आचार्य प्रमुख अतिथि तथा म्याग्दी बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री श्रीधर सुवेदी र म्याग्दी जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु विशेष अतिथि रहनुभएको थियो। कार्यक्रमको अध्यक्षता कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, पोखराका कार्यालय प्रमुख श्री मदन सुवेदीले गर्नुभएको थियो। उक्त कार्यक्रममा कुल ७० सञ्चयकर्ताहरुको सहभागिता थियो। कार्यक्रममा म्याग्दी बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख श्री नारायण प्रसाद सुवेदीले स्वागत मन्तव्य पश्चात प्रमुख अतिथि तथा विशेष अतिथिहरुले कर्मचारी सञ्चय कोषलाई दूरदराजमा रहेका आम सञ्चयकर्ताका अपेक्षा तथा सुझावसहितको शुभकामना मन्तव्य दिनुभएको थियो। कार्यक्रमको सञ्चालन तथा विषयगत प्रस्तुतीकरण कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, पोखराका का.मु. उप प्रबन्धक श्री पारसमणी भण्डारीले गर्नुभएको थियो। कार्यक्रमको मुख्य विषयवस्तु सञ्चय कोष व्यवस्थापन, सामाजिक सुरक्षा सुविधा वितरण, कर्जा तथा सापटी, फाँटवारी, बेचालु तथा खाता एकीकरण, Know Your Customer (KYC) र योगदानमा आधारित निवृत्तभरण योजना रहेको थियो। विषयगत विस्तृत कार्यपत्र प्रस्तुत गरेपछि सहभागी सञ्चयकर्ताबाट उठेका सवाल तथा जिज्ञासाहरुको उत्तर शाखा कार्यालय प्रमुख श्री मदन सुवेदी, का.मु.उप प्रबन्धक श्री पारसमणि भण्डारी र सहायक प्रबन्धक श्री सुबास पौडेलले दिनुभएको थियो।

# शाखा कार्यालय, धनगढीको गतिविधि

## अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम

निवृत्तिभरण र सञ्चय कोषसम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम ( निजामती विशेष) अन्तर्गत मिति २०८२ साल मङ्सिर ३ गते कञ्चनपुर जिल्लास्थित जिल्ला प्रशासन कार्यालयको सभाहलमा सङ्घीय सरकारी कार्यालयका प्रमुखहरु, प्रदेश स्तरका कार्यालयका कार्यालय प्रमुखहरु, स्थानीय निकायका प्रमुखहरु र अन्य सार्वजनिक निकायका प्रमुखहरुको सहभागितामा सञ्चय कोष तथा निवृत्तभरण कोषको सेवा प्रवाह, सुविधा र कोषको भावी कार्यक्रम तथा कार्यदिशाका सम्बन्धमा कञ्चनपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी मदन कोइरालाको प्रमुख आतिथ्यतामा अभिमुखीकरण तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा कोषको तर्फबाट कार्यालय प्रमुख दीपकमणि रिसालले कार्यक्रमको उपादेयता तथा स्वागत गर्नुभएको थियो भने उप प्रबन्धक शंकर ओडले कार्यक्रमका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

## धितोमा आधारित कर्जा प्रवाहको क्षेत्र विस्तार

कर्मचारी सञ्चय कोष, शाखा कार्याल धनगढीले प्रवाह गर्दै आएको धितोमा आधारित कर्जाको क्षेत्र  कैलालीजिल्ला स्थित धनगढी उपमहानगरपालिका, गोदावरी नगरपालिका र कञ्चनपुर जिल्लास्थित बेतकोट नगरपालिकाका सम्भावित क्षेत्रको स्थलगत अध्ययन गरि सिफारिस गरेको र सोको आधारमा परिपत्र नं. ११६५ बाट क्षेत्र विस्तार प्रतिवेदन स्वीकृति भई लागू भइसकेको ।

## कोषमा नयाँ संस्थाहरुको आबद्धता

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय धनगढीमार्फत् मिति २०८२/०६/२७ मा कृषि बजार व्यवस्थापन समिति, मिति २०८२/०६/२७ मा नन्दिनाथ एकेडेमी र मिति २०८२/०९/१४ मा टिकापुर बचत तथा ऋण सहकारी संस्था लि. गरी तीन वटा नयाँ संस्थाहरु कर्मचारी सञ्चय कोषमा आबद्ध भएका छन् ।

# कर्मचारी सञ्चय कोष सेवा केन्द्र बिर्तामोडका गतिविधिहरु

## अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम




कर्मचारी सञ्चय कोष सेवाकेन्द्र, बिर्तामोडले मिति २०८२/५/२० गते इलाम स्थीत रणशार्दुल गणमा निबृत्तभरण र सञ्चय कोष सम्वन्धि अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। कोषका तर्फवाट सेवाकेन्द्र, बिर्तामोडका कार्यालय प्रमुख दिपेन्द्र सापकोटा, सहायक प्रबन्धक अरबिन निरौला र प्रमुख सहायक टेक बहादुर थापाको सहभागीता रहेको कार्यक्रममा गणको तर्फवाट सह सेनानी सौरभजंग थापा लगायत १३० जना सैन्य कर्मचारीहरुको सहभागीता रहेको थियो।

# धितोमा आधारित सापटीको क्षेत्र विस्तार सम्भाव्यता अध्ययन प्रतिवेदन

सञ्चयकर्ता कर्जा विभागको समन्वयमा  सेवाकेन्द्र, विर्तामोडले झापा जिल्लाअन्तर्गत धितोमा आधारित सापटी लागू हुन बाँकी रहेका  स्थानीय निकायहरु मध्ये प्रथम चरणमा २०८२ मङसिर महिनामा सापटी कार्यक्रम लागू गर्न सम्भाव्यता अध्ययनका लागि खटिएका सहायक प्रबन्धक शम्भु पण्डित र सहायक केदार गिरीले गौरीगञ्ज गाउँपालीका,गौरादह नगरपालीका, शिवसताक्षी नगरपालीका र कमल गाउँपालीकामा भ्रमण एवम् त्यहाँ कार्यरत कर्मचारीहरुसँग छलफलसमेत गरी प्राप्त सुझावलाई प्रतिवेदन रूपमा तयार गरी सम्बन्धित सञ्चयकर्जा विभाग र योजना अनुगमन तथा जोखीम व्यवस्थापन विभागमा पठाइएकोछ।

# अभिमूखीकरण तथा अन्तक्रिया कार्यक्रम




ताप्लेजुङ्ग स्थीत फुङलिङ नगरपालीकामा ताप्लेजुङ्ग जिल्ला अन्तर्गतका विधालयहरुमा कार्यरत प्रधानाध्यापक र लेखामा कार्यरत कर्मचारीसमेत गरी जम्मा ६५ जनालाई सहभागी गराई मिति २०८२/९/११ मा कर्मचारी सञ्चय कोष सेवाकेन्द्र, बिर्तामोडले निबृत्तभरण र सञ्चय कोष सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

फुङलिङ नगरपालीका, ताप्लेजुङ्गका प्रमुख प्रशासकीय अधिकृत श्री राजमणी निरौलाको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा कोषका तर्फबाट सेवाकेन्द्र, बिर्तामोडका सहायक प्रबन्धक अरबिन निरौला,सहायक प्रबन्धक सुरेन्द्र कुमार यादव र प्रमुख सहायक प्रेम थापाको सहभागीता रहेको थियो। कार्यक्रम सञ्चालन गर्नुहुदैं सेवाकेन्द्र, बिर्तामोडका प्रमुख सहायक प्रेम थापाले कोषबाट प्रवाह गरिने सेवा सुविधा र प्रकृया लगायतका विषयमा र कार्यक्रम समापनको अवसरमा सहायक प्रबन्धक अरबिन निरौलाले त्यहाँ उठेका विविध सवालहरूको जवाफ दिदैं सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो।



# सेवा केन्द्र, धनकुटा

## अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न




कर्मचारी सञ्चय कोष, सेवा केन्द्र धनकुटाले कोषको प्रवर्धन तथा कोषले प्रदान गर्ने सामाजिक सुरक्षा तथा वित्तीय सुविधाहरुको जानकारी गराउने उदेश्यले सशस्त्र प्रहरी बल नं. ६ गुल्म हे. क्वा. धनकुटाको छिन्ताङ्गमा योगदानमा आधारित निवृत्तभरण तथा कोषले प्रदान गर्दै आएको सेवा सुविधा सम्बन्धी अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । उक्त अन्तरक्रिया कार्यक्रममा गुल्मका गुल्मपति, अधिकृतहरु, तथा तहाँ कार्यरत जवानहरुको उपस्थिति रहेको थियो ।

कोषले प्रदान गर्दै आएको वित्तीय सेवाहरु तथा सामाजिक सुरक्षाहरुको बारेमा धनकुटा सेवाकेन्द्रका सूचना अधिकारी (सहायक प्रबन्धक) शमिर बराईलीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कोषको कानुनी आधारहरु, संरचनात्मक प्रणाली, कोषको आर्थिक परिदृश्य (कोषको स्रोत तथा लगानीको अवस्था), निवृत्तभरणको कानुनी, संरचनागत तथा व्यावहारिक अवस्थाको बारेमा छलफल गरिएको थियो । छलफल तथा अन्तरक्रिया क्रार्यक्रममा कार्यपत्रको विषयहरु, कोषको सेवा प्रवाह तथा कोषसँग सम्बन्धित प्रश्न, सल्लाह तथा सुझावहरुको समाधान तथा जवाफ सेवाकेन्द्र धनकुटाका कार्यालय प्रमुख झलक राज शर्माले दिनुभएको थियो ।

कर्मचारी सञ्चय कोष सेवा केन्द्र धनकुटाले संखुवासभा जिल्ला स्थित मादी नगरपालिकाको समन्वयमा कर्मचारी सञ्चय कोष धनकुटाका कार्यालय प्रमुख श्री झलक राज शर्मा (पौडेल)को अध्यक्षता तथा मादी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री भक्त बहादुर भट्टराई विभागीय प्रमुखद्धय श्री विरेन्द्र पौडेलज्यू तथा श्री शान्ता गौतम ज्यू को आथित्यतामा मिति २०८२ पौष २६ गते संखुवासभा जिल्लाको मादि नगरपालिकाम शिक्षा तथा स्थानिय निकायका कर्मचारीहरु सम्मिलित अन्तर्किया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो। विशेषगरी कर्मचारी सञ्चय कोषबाट प्रवाह हुने सेवा सुविधा, सो सुविधा उपभोग गर्न हाल लागू भएका म्निष्तबर्ा प्रक्रिया, सञ्चय कोषका विभिन्न योजना सम्बन्धमा सञ्चयकर्ताहरुको दुबिधा हटाउने उद्देश्यले आयोजना गरिएको सो जानकारीमूलक कार्यक्रममा मादी नगरपालिका क्षेत्रमा रहेका करिब ११० जना सञ्चयकर्ताहरुको सहभागीता रहेको थियो ।

कार्यक्रममा सञ्चयकर्ता सेवा विभागका विभागीय प्रमूख श्री शान्ता गौतमज्यूले सञ्चयकोषका वारेमा सम्पूर्ण जानकारी प्रदान गर्नु भयो  भने निवृत्तभरण  व्यवस्थापन तथा सामाजिक सुरक्षा विभाग प्रमूख  श्री विरेन्द्र पौडेलज्यूले कोषको निवृत्तभरण योजना तथा सामाजिक सुरक्षा सम्बन्धमा तथा सहायक प्रबन्धक श्री समिर बराईलीले धनकुटा सेवा केन्द्रद्धारा प्रदान गरिने सेवा सुविधा सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।



# सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

कर्मचारी सञ्चय कोष ६४ औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योगदानकर्ताहरुको सन्तुष्टि प्रति सदैव समर्पित रहँदै कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता सहित सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## (१) सञ्चयकर्ता विवरण :

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ७८ हजार | ३३ हजार ३ सय |
| निवृत्तभरण कोष | ९६ हजार | ४ हजार २ सय |

## (२) आ.व. २०८०/८१को अनुमानित वित्तीय अवस्था :

| विवरण | सञ्चयकोष | निवृत्तभरण कोष | जगेडा कोष | दायित्वहरु | कूल स्रोत | कुललगानी | बचत |
|---|---|---|---|---|---|---|---|
| रकम रु. अर्वमा | ५६३.१५ | १५.८४ | ३८.५३ | ५.६९ | ६२३.२१ | ५९९.२७ | ५.६५ |

## (३) वित्तीय सुविधाहरु :

### (क) सञ्चयकर्ता सापटी (आ व.२०८१/८२)

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | घर मर्मत सापटी | सरल सापटी | जग्गाखरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | कोष रकमको ९५ प्रतिशतसम्म | रु.१.५ करोडसम्म | रु.५० लाखसम्म | रु.५० लाखसम्म | रु.१ करोडसम्म | रु. १ करोडसम्म |
| ब्याजदर | ५.७५ प्रतिशत | ७.०० प्रतिशत | ७.०० प्रतिशत | ७.०० प्रतिशत | ७.२५ प्रतिशत | ७.०० प्रतिशत |

**(ख) ब्याजमा छुट:** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशत विन्दुले ब्याजदरमा छुट दिने व्यवस्था गरिएको ।

**(ग) ब्याज तथा मुनाफा**
:आ.व. २०८१/८२ मा कोष रकममा ब्याजदर ५.५० प्रतिशत
:आ.व. २०८२/८३ मा कोष रकममा ब्याज दर ५.०० प्रतिशत
:मुनाफा: १.१० प्रतिशत(२०८१/८२ को शुरु मौज्दातमा)

## (४) सामाजिक सुरक्षा सुविधाहरु:

(क) **सञ्चयकर्ता स्वास्थ्य उपचार योजना:** सञ्चयकर्ता वा निजको पति वा पत्नीको उपचार खर्चमध्ये **साधारण रोग**तर्फ प्रत्येक आर्थिक वर्षमा अधिकतम रू. १ लाखसम्म र **घातक रोग**को उपचारको हकमा सेवाअवधि भरमा अधिकतम रु.१० लाखसम्म रकम शोधभर्ना गरिने ।

(ख) **सुत्केरी तथा शिशु स्याहार योजना:** प्रति प्रसूति रु.७,५०० (२ पटकका लागि),

(ग) **दुर्घटना क्षतिपूर्ति योजना:** सञ्चयकर्ता वा निजको हकवालालाई रु.२ लाखसम्म,

(घ) **काजकिरिया अनुदान योजना:** हकवालालाई रु.४० हजार ।

## (५) कोषका कार्यालयहरु :

उपत्यकास्थित: पुल्चोक (केन्द्रीय कार्यालय), ठमेल, लगनखेल र सिंहदरबार ।
उपत्यकाबाहिर: विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी र धनकुटा र बिर्तामोड ।

**सम्पादन तथा प्रकाशन : योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग**

**सम्पादन तथा प्रकाशन: योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग**



**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर
फोन नं.: ५०१०१६५, ५०१०१६६